स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ८ मध्यपुर थिमि भक्तपुर फागुण १३ ,२०८१

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको **मध्यपुर थिमि नगरपालिकाको होमियोप्याथीक स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०८१** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको कार्यविधि, नं.**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/१३**

## मध्यपुर थिमि नगरपालिकाको होमियोप्याथीक स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना** : मध्यपुर थिमि नगरपालिकाको स्वीकृत वजेट नीति तथा कार्यक्रम बमोजिम नगर क्षेत्र भित्र स्थायी रुपले बसोबास गर्ने नागरिकहरुलाई सहज, सर्वसुलभ तथा गुणस्तरीय होमियोप्याथीक स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले वैकल्पिक सेवा प्रवाह गर्न मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम मध्यपुर थिमि नगरपालिकाको होमियोप्याथीक स्वास्थ्य सेवा संचालन कार्यविधि , २०८१ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२.**परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क)"नगरपालिका "भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्दछ।

ख)"प्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ।

ग)"उपप्रमुख"भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनु पर्दछ।

घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यपुर थिमि नगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ )"समिति" भन्नाले मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ को दफा ३७ को उपदफा ५ अनुसारको स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समिति भन्ने वुझाउंछ ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

च)"स्वास्थ्यकर्मी" भन्नाले मध्यपुर थिमि नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था र होमियोप्याथीक क्लिनिकमा कार्यरत मेडिकल अधिकृत, होमियोप्याथीक चिकित्सक, नर्सिङ्ग, पारामेडिक्स कर्मचारी सम्झनु पर्दछ ।

छ)"महाशाखा प्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाको सामाजिक विकास महाशाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ज)"शाखा प्रमुख" भन्नाले मध्यपुर थिमी नगरपालिकाको जनस्वास्थ्य शाखा प्रमुखलाई सम्झनु पर्दछ।

झ) "होमियोप्याथीक क्लिनिक" भन्नाले मध्यपुर थिमि नगरपालिका अन्तर्गतका नगरपालिकाले तोकेको स्थानमा स्थापना गरेको होमियोप्याथीक स्वास्थ्य सेवा प्रदान गर्ने क्लिनिकलाई सम्झनु पर्दछ।

**३. होमियोप्याथीक सेवा संचालन :** होमियोप्याथीक सेवा संचालन गर्दा देहाय बमोजिम गर्नुपर्दछ।

(१) नगरपालिका भित्र नगरपालिकाले तोकी दिएको स्थानमा क्लिनिक स्थापना गरी होमियोप्याथीक चिकित्सक सहितको प्राविधिक समूहले प्रत्येक दिन सार्वजनिक विदा वाहेक स्वास्थ्य जांच गरी औषधी समेत नि:शुल्क वितरण गर्नुपर्नेछ ।

(२) नागरिकको स्वास्थ्य जांच गर्दा स्वास्थ्य संस्थाबाट वितरित साविककै वहिरङ्ग टिकट प्रयोग गर्न सकिनेछ ।

(३) नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरेको प्रतिवेदन होमियोप्याथीक क्लिनिकले प्रत्येक महिना जनस्वास्थ्य शाखामा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

(४) नागरिकलाई होमियोप्याथीक सेवा प्रदान गर्दा स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार विहान ९ बजेदेखि दिनको ४ बजेसम्म वा आवश्यकता अनुसार तालिका मिलाएर खटाउन सकिनेछ।

**४. औषधी सम्बन्धि व्यवस्था :**

(१) नागरिकलाई होमियोप्याथीक स्वास्थ्य सेवा संचालन प्रदान गर्ने क्रममा बिरामीको आवश्यकता अनुसार औषधीहरु नि:शुल्क उपलव्ध प्रदान गर्न सकिनेछ|

(२) औषधीको व्यवस्था होमियोप्याथीक चिकित्साको लागि विनियोजित वजेटवाट व्यवस्था गरिनेछ।

(३) विरामीहरुलाई उपलब्ध गराइएको औषधि र बिरामीको विवरण जनस्वास्थ्य शाखामा जानकारी गराउनु पर्नेछ ।

**५. स्वास्थ्यकर्मीको परिचालन:**

(१) होमियोप्याथीक स्वास्थ्य सेवा सञ्चालनको लागि विनियोजित बजेटको परिधिभित्र रहेर निम्न बमोजिमको कर्मचारीहरुलाई आवश्यकता अनुसार करार सेवामा नियुक्ति गरी सेवा प्रदान गर्न खटाइनेछ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

तपसिल

होमियोप्याथीक चिकित्सक २ जना

होमियोप्याथीक चिकित्सा सहायक १ जना / स्टाफ नर्स १

कार्यालय सहयोगी १ जना

(२) स्वास्थ्यकर्मीहरूले पूर्ण सेवा भावले नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(३)नागरिकलाई सेवा प्रदान गर्दा स्वास्थ्यकर्मीहरूले आपसमा सहयोग, समन्वय र सहकार्य गर्नु पर्नेछ ।

६. स्वास्थ्यकर्मीको आचरणः

(१) होमियोप्याथीक स्वास्थ्य सेवा प्रदान गर्दा तोकीएको स्थानमा क्लिनिकबाट सेवा प्रदान गर्नु पर्नेछ ।

(२) सेवा प्रदान गर्न जाँदा अनिवार्य रूपमा कार्यालयको पोसाक र परिचय पत्र लगाएर जानु पर्नेछ। (३) सेवा प्रदान गर्दा आत्मीय, नम्र र आदरपूर्वक व्यवहार गर्नु पर्नेछ ।

(४) सेवा प्रदान गरेबापत कुनै शुल्क, दस्तुर वा कुनै प्रकारको रकम लिन पाइने छैन।

७. सेवा सुविधाः होमियोप्याथीक स्वास्थ्य सेवा सञ्चालनका लागि जनशक्ति परिचालन लगायतको आवश्यक अन्य व्यवस्थापकीय कार्यका लागि नगरपालिकाले बार्षिक वजेट व्यवस्था गरिनेछ ।

८. स्वास्थ्य उपकरण तथा औषधिको प्रबन्धः होमियोप्याथीक स्वास्थ्य सेवा प्रदान गर्दा प्रयोग गर्नुपर्ने उपकरण तथा निःशुल्क औषधि होमियोप्याथीक सेवा संचालन गर्न विनियोजित सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिनेछ ।

९. अनुगमन सम्बन्धी व्यवस्थाः (१) होमियोप्याथीक स्वास्थ्य सेवा सञ्चालनको आवश्यक अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छः

| | |
|---|---|
| उप प्रमुख | -संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | -सदस्य |
| होमियोप्याथीक चिकित्सक | -सदस्य |
| सामाजिक विकास महाशाखा प्रमुख | -सदस्य |
| जनस्वास्थ्य शाखा प्रमुख | -सदस्य-सचिव |

(२) अनुगमन समितिको काम कर्तव्य, अधिकारः उपदफा (१) बमोजिम गठित अनुगमन समितिको काम कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(क) नगरपालिकाबाट सञ्चालित होमियोप्याथीक स्वास्थ्य सेवा कार्यक्रमको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरूलाई आवश्यक सहजीकरण एवम् सहयोग गर्ने।

(ख) कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्याहरूको समाधानका लागि सुझाव दिने ।

१०. होमियोप्याथीक स्वास्थ्य सेवा मध्यपुर थिमि नगरपालिका मातहतमा रहेर संचालन गरिनेछ ।

११. होमियोप्याथीक स्वास्थ्य सेवा संचालनको लागि आवश्यक भवन तथा फर्निचर र सामग्रीहरु नगरपालिकावाट व्यवस्थापन गरिनेछ ।

प्रमाणीकरण मिति २०८१।१२।११

आज्ञाले
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३